आज मिति २०७७/३/४ गते विहिबारका दिन शिवालय गाउँपालिका, सिमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान वहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम वहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री विरवल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसविर वली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर वहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री धनीराम शर्मा | सचिव |

प्रमुख प्रशासकीय अधिकृत

## निर्णयहरु

### निर्णय नं. १

यस गाउँपालिकाद्वारा स्थापित विभिन्न क्वारेन्टाइनमा बस्दै आइरहनु भएका मानिसहरुको स्वाब संकलन भई परीक्षणको क्रममा रहेको र रिपोर्ट आउन केही समय लाग्ने भएकोले उनीहरुलाई सुरक्षित तवरले घर फर्काउनका लागि रिपोर्ट नआउञ्जेलसम्म क्वारेन्टाइनमै बसिदिन अनुरोध गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

नेपाल सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रम तथा कर्णाली प्रदेश सरकारको मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्न बजेटको अभाव हुने भई नपुग बजेटको व्यवस्था पालिकाबाट गर्नुपर्ने भएकोले देहायबमोजिमको बजेट यस गाउँपालिकाको समपुरक कोषबाट म्याचिङ्ग स्वरुप भुक्तानी दिने निर्णय गरियो ।

**देहाय**

१. आवश्यक औजार सामग्रीहरु खरिद गरी ल्याई निर्माणस्थलसम्म पुऱ्याउदा लाग्ने ढुवानी खर्च

२. निर्माण कार्यमा दक्ष श्रमिक कामदार प्रयोग गर्नुपर्ने भएकोले प्रति आयोजना तोकिएको संख्यामा दक्ष श्रमिक लगाई निजहरुको पारिश्रमिक जिल्ला दररेटको आधारमा भुक्तानी गर्दा लाग्ने खर्च

३. निर्माण कार्यमा प्रयोग गरिने ढुंगा गिट्टी बालुवा आदी ढुवानी गर्दा लाग्ने ढुवानी खर्च

यसअघि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत मात्र रोजगार समिति गठन भई कार्यसञ्चालन भएकोमा अब उप्रान्त मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि समेत रोजगार समिति गठन गरी बैक खाता सञ्चालन गर्ने र सोही मार्फत भुक्तानी व्यवस्था मिलाउने ।

### निर्णय नं. ३

यस गाउँपालिकाका नाममा रहेका दुइवटा चारपाङ्ग्रे सवारी साधनमध्ये एकवटा पहिले नै बिग्री थन्किरहेको र अर्कोको समेत इन्जिनमा समस्या भई चल्न नसक्ने अवस्था भएकोले विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रण तथा आयोजनाहरुको अनुगमनका लागि सम्झौता बमोजिम दैनिक भाडामा प्रयोग गर्नेगरी एकवटा चारपाङ्ग्रे सवारीसाधन भाडामा लिने निर्णय गरियो । निर्णय नं. [illegible] गाडी हुँदाहुँदै अर्को गाडी भाडामा लिने भनेकोमा मेरो यसमा असहमति छ

प्रशासकीय अधिकृत

## निर्णय नं. ४

शिवालय गाउँपालिकामा स्थापना गरिने उद्योगग्रामको सम्भाव्यता अध्ययनका लागि नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्धारा स्वीकृत औद्योगिक ग्राम स्थापनासम्बन्धी कार्यविधि बमोजिम स्थालगत रुपमा गई अध्ययन प्रतिवेदन पेश गर्न देहायबमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

देहाय

१. प्रशासन अधिकृत छैठौं श्री अनिल कुमार पाण्डे –संयोजक

२. प्रतिनिधि डिभिजन वन कार्यालय, जाजरकोट –सदस्य

३. प्रतिनिधि नापि कार्यालय, जाजरकोट –सदस्य

## निर्णय नं. ५

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (Covid 19) संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यस गाउँपालिकाबाट विभिन्न कामकाजमा खटिनुहुने संलग्न तालिकाबमोजिमका पदाधिकारी, कर्मचारी, स्वयंसेवकहरुलाई देहायबमोजिमको भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

तालिका निर्णयको अन्तिमा राखिएको छ ।

## निर्णय नं. ६

शिवालय गाउँपालिका वडा नं. ९ निवासी श्री कर्ण वहादुर बुढाको छोरा बर्ष २२ को श्री सागर वि.सि. अन्नपूर्ण न्युरो अस्पताल काठमाण्डौंमा Brain Tumor को उपचाररत रहेकोमा निजको उपचार सहयोगार्थ यस गाउँपालिकाको तर्फबाट रु. ५०,००० आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

## निर्णय नं. ७

यस गाउँपालिकाभित्रका आधारभूत तथा माध्यमिक तहमा अध्यापनरत माध्यमिक तह शिक्षकहरुको पारिश्रमिकबाट ५ दिन बराबर र आधारभूत तहमा अध्यापनरत शिक्षकहरुको पारिश्रमिकबाट ३ दिन बराबरको तलब कट्टा गरी शिवालय गाउँपालिकाको प्रकोप व्यवस्थापन कोष खातमा जम्मा गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ८

शिवालय गाउँपालिकामा गठित गाउँ शिक्षा समितिमा सरस्वती मावि सिमाका प्रअ निमबहादुर खत्रीले प्रतिनिधित्व गरिरहेकोमा हाल उक्त विद्यालयमा प्रअको जिम्मेवारी श्री इन्द्र बहादुर थापा क्षेत्रीले सम्हाल्नु भएकोले निज श्री इन्द्र बहादुर थापा क्षेत्रीलाई गाउँ शिक्षा समितिको सदस्यमा मनोनित गर्ने निर्णय गरियो । त्यस्तै शिवालय गाउँपालिकास्तरीय सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समितिको सदस्यमा कार्यपालिका सदस्य श्री रामसरी रानालाई मनोनित गर्ने निर्णय गरियो ।

## निर्णय नं. ९

शिवालय गाउँपालिकाभित्रका देहायका विद्यालयहरु गाभ्ने मिति को गाउँशिक्षा समितिको बैठकको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

देहाय

प्रमुख प्रशासकीय अधिकृत